president

मिती: २०८२ आश्विन ५ गते आइतबार

**परम्पराको सम्मान, पर्यटन प्रबर्द्धन र संस्कृति संरक्षण !!**

## प्रेस वक्तव्य

# आदरणीय अतिथि एवम् पत्रकार साथीहरू र सम्पूर्ण आमन्त्रित महानुभावहरू ।

नमस्कार,

*यहाँहरुको यस गरिमामय उपस्थितिका लागी हार्दिक स्वागत गर्दछौं ।*

स्वाद, स्वास्थ्य र आतिथ्यता सँगसँगै भन्ने मुल मन्त्र र लक्ष्य सहित वि.सं. २०६३ बैशाख २७ गते बुधबारका दिन देखि प्रेसिडेन्ट काठमाण्डौको सुन्धाराबाट सुरु भएको हाम्रो ब्यवसायिक यात्राले १९ औं बसन्त पार गरिसकेको छ ।

यस क्रममा काठमाडौंको सुन्धारा, बालाजु, माछापोखरी, चितवनको नारायणगढ, काठमाडौंको पुरानो बानेश्वर बत्तिसपुतली, महाराजगन्ज, रविभवन, एयरपोर्ट, रुपन्देहीको लुम्बिनी- महिलवार लगायतका स्थानबाट प्रेसिडेन्ट होटल, रेस्टुरेन्ट, सेकुवा तथा मल्टी क्यूजिन रेस्टुरेन्ट, प्रेसिडेन्ट बेकरी गरी कुल १६ स्थानबाट स्वादका पारखी हाम्रा पाहुनाहरुलाई सेवा प्रदान गरिरहेका छौं ।

पर्यटन क्षेत्रको यो १९ वर्षको दौरानमा प्रेसिडेन्टलाई एक प्रतिष्ठित ब्राण्डका रुपमा स्थापित गराउन वि.सं. २०६८ सालमा प्रेसिडेन्ट विजनेश ग्रुपको नाममा ब्राण्डिङ गर्न सुरु गरिएको हो ।

प्रेसिडेन्टका सबै आउटलेटमा प्रयोग गरिने आफ्नो विशिष्ट खालको लोगो, ब्राण्ड कलर एवम् डिजाइन, मौलिक स्लोगन, एकै किसिमको स्वाद एवम् आतिथ्यताले हस्पिटालिटी क्षेत्रमा प्रेसिडेन्टलाई ब्रान्डका रुपमा स्थापित बनाएको छ ।

यसै सन्दर्भमा, हामी लोक संस्कृति, परम्पराको जगेर्ना गर्ने र लोप हुँदै गएको हाम्रो मौलिकताको सम्बर्द्धन गर्ने उद्देश्यका साथ हामीले नेपालीहरुको महान् चाड वडादशैं २०८१ को पावन अवसरमा पहिलो पक्कु फेस्टिवल - २०८१ को सफल आयोजना गरे पश्चात यस पटक दोस्रो पक्कु फेस्टिव- २०८२ को आयोजना गरेका छौं ।

प्रेसिडेन्ट सेकुवा तथा मल्टी क्यूजिन रेस्टुरेन्ट, महाराजगन्ज, काठमाडौंले आफ्ना अत्यन्तै अनुभवी दक्ष र नेपालीहरुको जिब्रोको स्वादलाई पहिचान गर्न सक्ने मास्टर सेफहरुको साथ लिएर हाम्रो संस्कृति, परम्परा, हाम्रो पहिचान, पाककला, पक्कु खानाको संस्कृति तथा संरक्षण र जगेर्ना गर्ने उद्देश्यले आयोजना गरिएको यो एक महत्वपूर्ण कार्यक्रम हो ।

यस फेस्टिवलले विशेष गरी नयाँ पुस्तालाई आफ्नो संस्कृति, लोककला, रहनसहन, खानपान र परम्परासँग जोड्न मद्दत पुर्याउनेछ ।

यस मेलामा दशैंमा प्रयोग हुने विभिन्न स्थानीय हस्तकला, सांस्कृतिक एवम् परम्परागत बाजा र परिकारहरुको प्रदर्शनी प्रस्तुत गरिनेछ

यस पक्कु मेलाले आर्थिक व्यापार भन्दा पनि मनोरञ्जन, रहनसहन खानपानको जानकारी प्रदान गर्नेछ, साथै नयाँ पुस्तालाई उत्साहित बनाउने छ भने अनुभवी पुस्तालाई एक संस्मरण, पुनर्ताजगी र प्रोत्साहन गर्ने लक्ष्य रहेको छ ।

काठमाडौंमा पूर्व देखी पश्चिम नेपालबाट अवसरको खोजीमा आई अस्थाइ तथा स्थायी रुपमा बसोबास गर्नेहरुको संख्या उल्लेख्य मात्रामा रहेको छ ।

यो चाडपर्वको बेलामा बिभिन्न पेसा ब्यवसायका कारण शहर छोड्न नपाएका र गाउँलाई बिरानो बनाइ शहरमा बिभिन्न वाध्यताको कारण स्थायी बसोबास गरिरहनु भएकाहरुलाई र गाउँले जीवन भन्दा अलि टाढा रहेका शहरबासीलाई ध्यानमा राखी यो फेस्टिवलको आयोजना गर्न लागिएको छ ।

हामी हाम्रो संस्कृति जगेर्ना गर्न, सशक्त बनाउन र भावी पुस्तामा हस्तान्तरण गर्न प्रेरित गर्दै यस मेलामा सहभागिता जनाउन र योगदान गर्न सबै- सबैलाई अनुरोध गर्दछौ ।

साथै यस प्रेस मिट कार्यक्रममा प्रतिष्ठित मिडिया हाउसबाट उपस्थित हुनुभएका सम्पुर्ण सञ्चारकर्मी साथीहरुलाई हार्दिक धन्यवाद दिदैं यो सुचना सम्प्रेषण गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।

धन्यवाद ।

टि. आर. भण्डारी (शंकर)
अध्यक्ष
प्रेसिडेन्ट बिजनेश ग्रुप